**नेपाल क्लियरिङ्ग हाउस लि को**

**प्रथम वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)**

यस नेपाल क्लियरिङ्ग हाउस लि.का सञ्चालक समितिका अध्यक्ष श्री अशोक राणा ज्यूको सभापतित्वमा कम्पनीको प्रथम वार्षिक साधारणसभा मिति २०६९/०८/१४ गते (तदनुसार नोभम्वर २९, २०१२) विहिवार ११:०० बजे देखि १३:०० बजे सम्म अन्नपूर्ण होटल, दरबारमार्ग, काठमाडौमा सुसम्पन्न भयो । साधारण सभामा उपस्थिति, छलफलका बिषय सूची, सूचना प्रकाशन, सभाको वैधानिकता, गणपूरक संख्या, सभापतित्व, सभा संचालन तथा प्रतिवेदन प्रस्तुति, छलफलका क्रममा व्यक्त गरिएका प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम छन्:

**१. उपस्थिति:**

**(क) सञ्चालकहरुको उपस्थिति:**

१) श्री अशोक राणा, अध्यक्ष

२) श्री हरीप्रसाद काफ्ले, सञ्चालक

३) श्री सशिन जोशी, सञ्चालक

४) श्री राजन सिं भण्डारी, सञ्चालक

५) श्री रबिन्द्र बहादुर मल्ल, सञ्चालक

**(ख) अन्य पदाधिकारीहरुको उपस्थिति:**

१) श्री नीलेश मान सिंह प्रधान, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

२) श्री दिपेश बहादुर श्रेष्ठ, अपरेशन म्यानेजर

३) श्री डिल्ली मान शाक्य, इन्फ्रा/टेक्नोलोजि म्यानेजर

४) श्री विष्णु गौतम, सिस्टम म्यानेजर

५) श्री मान बहादुर खत्री, फाइनान्स/एडमिन अफिसर

६) श्री रुपक ज्ञवाली, नेटवर्क इन्जिनियर

७) श्री महेन्द्र कान्त मैनाली, कानूनी सल्लाहकार

८) श्री जे.वि.राजभण्डारी, लेखापरीक्षक

**(ग) शेयरधनीहरुको उपस्थिति:**

| | | |
|---|---|---|
| १) उपस्थित शेयरधनीहरुको संख्या | २१ | जना |
| २) शेयरको प्रतिनिधित्व संख्या | ७,४९,९९० | कित्ता |
| ३) जम्मा शेयरधनी संख्या | २७ | जना |
| ४) वाडफाड शेयर संख्या | ८,९९,९९० | कित्ता |
| ५) उपस्थिति शेयरधनीहरुको शेयर प्रतिनिधित्व प्रतिशत | ८३.३३ | प्रतिशत |

**२. छलफलका बिषयहरु**

**क. साधारण प्रस्ताव:**

१. संचालक समितिको आ. व. २०६८/०६९ को प्रतिवेदन पारित गर्ने ।

२. लेखा परिक्षक प्रतिवेदन सहितको २०६९ आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६८/०६९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।

३. संचालक समितिद्धारा स्विकृत आ.वं. २०६५/०६६, २०६६/०६७ र २०६७/०६८ को लेखा परिक्षक प्रतिवेदन सहितको वासलात तथा सोहि अवधिको नाफा नोक्सान हिसाव अनुमोदन गर्ने । (उक्त आर्थिक बर्षहरुमा एस.आर.पाण्डे एण्ड कं लेखा परिक्षक रहनु भएको)

NEPAL CLEARING HOUSE

४. आ.व. २०६९/०७० को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जे.वि.राजभण्डारी एण्ड डिविन्स पुन नियुक्त हुन योग्य रहनु भएको)

५. कम्पनीको नियमावली अनुसार उपसमूह 'क-२' का संस्थापक शेयरधनीको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना संचालकहरुको निर्वाचन गर्ने ।

६. संचालकहरुको भत्ता तथा सुविधा अनुमोदन तथा निर्धारण गर्ने ।

*ख. विषेश प्रस्ताव:*

१. कम्पनीको जारी पुँजी बृद्धि गरी १५,००,००,०००।- पुऱ्याउन र शेयरधनी नरहेका 'क', 'ख' र 'ग' वर्गका नयाँ बैंक तथा वित्तीय संस्थाहरुलाई पुँजी बृद्धि बराबरको शेयर जारी गर्न स्वीकृत गर्ने ।

२. उपप्रस्ताव नं. (१) वमोजिम जारी गरिएको शेयर नयाँ बैंक तथा वित्तीय संस्थाहरुले खरिद नगरेमा प्रचलित कानुन वमोजिम अन्य शेयरधनीहरुले खरिद गर्न सक्ने बारे ।

३. प्रवन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।

*ग. विविध*

## ३. सूचना प्रकाशन

सञ्चालक समितिको मिति २०६९/०६/२९ मा बसेको ५३ औं बैठकको निर्णय बमोजिम यस कम्पनीको प्रथम बार्षिक साधारण सभा मिति २०६९ मंसीर महिना १४ गते विहिवार (तदनुसार नोभम्वर २९, २०१२) मा वस्ने सूचना तथा कम्पनीको प्रथम बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको थियो र मिति २०६९ कार्तिक २३ गते र मिति २०६९ मंसीर ३ गते द काठमाडौं पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सो व्यहोराको सूचना प्रकाशित गरिएको थियो । कम्पनीको website मा पनि सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

## ४. गणपुरक संख्या

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी संख्या | २७ | २१ | |
| शेयर संख्या | ८,९९,९९० | ७,४९,९९० | ८३.३३ |

## ५. सभाको बैधानिकता तथा सभापतित्व

सभा प्रारम्भ गर्दै कम्पनी सचिव ज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावलीको नियम बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको व्यहोरा सभालाई अवगत गराउनु भयो र सञ्चालक समितिका अध्यक्ष श्री अशोक राणा ज्यूलाई वैधानिक प्रक्रिया पुरा भएकोले सभा संचालन गर्न अनुरोध गर्नुभयो ।

## ६. सभा संञ्चालन तथा प्रतिवेदन प्रस्तुति

बैंकका अध्यक्ष एवं सभाका सभापति श्री अशोक राणाज्यूले उपस्थित सवै शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आफ्नो मन्तव्य प्रस्तुत गर्नु भयो । तत्पश्चात सभापतिज्यूले सभा समक्ष प्रस्तावित बिषयहरु छलफलका लागि पेश गर्नुभयो ।

## ७. प्रस्ताव माथि छलफल तथा निर्णयहरु

***(क) सामान्य प्रस्ताव:***

(१) संचालक समितिको आ. व. २०६८/०६९ को प्रतिवेदन पारित गर्ने ।

NEPAL CLEARING HOUSE

सभाका सभापतिज्यूले प्रस्तुत गर्नु भएको अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको प्रथम वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गरियो ।

(२) लेखा परिक्षक प्रतिवेदन सहितको २०६९ आषाढ मसान्त तकको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०६८/०६९ को नाफा नोक्सान हिसाब तथा नगद प्रबाह विवरण स्वीकृत गर्ने ।
सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको लेखापरीक्षकको प्रतिवेदन सहितको २०६९ आषाढ मसान्त तकको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०६८/०६९ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु माथि छलफल भई सर्वसम्मतिबाट पारित गरियो ।

(३) संचालक समितिद्धारा स्विकृत आ.वं. २०६५/०६६, २०६६/०६७ र २०६७/०६८ को लेखा परिक्षक प्रतिवेदन सहितको वासलात तथा सोहि अवधिको नाफा नोक्सान हिसाब अनुमोदन गर्ने । (उक्त आर्थिक बर्षहरुमा एस.आर.पाण्डे एण्ड कं लेखा परिक्षक रहनु भएको)
सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको संचालक समितिद्धारा स्विकृत आ.वं. २०६५/०६६, २०६६/०६७ र २०६७/०६८ को लेखा परिक्षक प्रतिवेदन सहितको वासलात तथा सोहि अवधिको नाफा नोक्सान हिसाब सर्वसम्मतिबाट अनुमोदन गरियो ।
साथै उक्त आर्थिक बर्षहरुमा एस.आर.पाण्डे एण्ड कंलाई लेखा परिक्षकमा गरिएको नियुक्ति समेत अनुमोदन गरियो ।

(४) आ.व. २०६९/०७० को लागि लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने । (जे.वि.राजभण्डारी एण्ड डिविन्स पुन नियुक्त हुन योग्य रहनु भएको)
कम्पनीको लेखा परीक्षण समितिको सिफारिस अनुसार श्री जे.वि.राजभण्डारी एण्ड डिविन्सलाई आ.ब. २०६९/०७० को लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखा परीक्षण, कर लेखा परीक्षण समेत गर्नका लागि भ्याट तथा अन्य विविध खर्च वाहेक रु. ५५,०००/- पारिश्रमिक प्रदान गर्न सर्वसम्मतीबाट पारित गरियो ।
साथै सञ्चालक समितिको मिति २०६९/०३/०५ मा बसेको ४९ औं बैठकको निर्णय बमोजिम आ.व. २०६८/०६९ को लागि जे.वि.राजभण्डारी एण्ड डिविन्सलाई लेखा परिक्षकमा गरिएको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गरियो ।

(५) कम्पनीको नियमावली अनुसार उपसमूह 'क-२' का संस्थापक शेयरधनीको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने तीन जना संचालकहरुको निर्वाचन गर्ने ।
संचालक समितिको मिति २०६९/०६/२९ मा बसेको ५३औ. बैठकको निर्णय बमोजिम श्री महेन्द्र कान्त मैनाली, अधिवक्तालाई प्रथम वार्षिक साधारण सभाका लागि निर्वाचन अधिकृतको जिम्मेवारी दिईएकोले अध्यक्ष ज्यूबाट नियमावली अनुसार उप समूह 'क-२' का संचालक शेयरधनीको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न तीन जना संचालकहरुको निर्वाचन गर्न निर्वाचन अधिकृत ज्यूलाई अनुरोध गर्नुभयो ।

तत्पश्चात निर्वाचन अधिकृत ज्यूले निर्वाचनमा अपानाइएका प्रक्रिया तथा समय तालिका बारे र तोकिएको समयावधिमा निम्न तीन जना उम्मेदवारहरुले मनोनयन पत्र दाखिला गराउनु भएको जानकारी गराउनु भयो ।
(१) श्री ज्योति प्रकाश पाण्डे, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड ।
(२) श्री राजन सिंह भण्डारी, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेड ।
(३) श्री रत्न राज बज्राचार्य, प्रमुख कार्यकारी अधिकृत, प्रतिनिधि, ग्लोवल आईएमई बैंक लिमिटेड ।

उप समूह 'क-२' का संचालक शेयरधनीको तर्फबाट संचालक समितिको प्रतिनिधित्व गर्न तीन जना संचालकहरुको निर्वाचनमा जति पद संख्यामा निर्वाचन हुनु पर्ने हो त्यतिनै संख्याको मात्र उम्मेदवारि परेको हुदा तीनै जना निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुहुदै निर्वाचित संचालक ज्यूहरुलाई बधाई एवं स्वागत गर्नुभयो ।

NEPAL CLEARING HOUSE

(६) संचालकहरुको भत्ता तथा सुविधा अनुमोदन तथा निर्धारण गर्ने ।

सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको संचालकहरुको निम्न बमोजिमको भत्ता तथा सुविधा सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| बैठक भत्ता | रु. २,५००।०० प्रति बैठक |
| भ्रमणमा टिकट तथा होटल खर्च | बिल बमोजिम |

भ्रमणमा दैनिक भत्ता :

| नेपाल (रु) | भारत (भा.रु) | अन्य सार्क राष्ट्रहरु (यूएसडि) | अन्य राष्ट्रहरु (यूएसडि) |
|---|---|---|---|
| २,००० | २,००० | १०० | १५० |

साथै प्रथम वार्षिक साधारण सभामा पारित हुनु पुर्व सञ्चालक समितिको मिति २०६५/११/२२ मा बसेको ४औं बैठकको निर्णय बमोजिम पारित गरिएको संचालकहरुको बैठक भत्ता रु. २,५००/- प्रति बैठक अनुमोदन गरियो ।

***(ख) विषेश प्रस्ताव:***

(१) कम्पनीको जारी पुंजी बृद्धि गरी १५,००,००,०००।- पुऱ्याउन र शेयरधनी नरहेका 'क', 'ख' र 'ग' वर्गका नयाँ बैंक तथा वित्तीय संस्थाहरुलाई पुंजी बृद्धि बराबरको शेयर जारी गर्न स्वीकृत गर्ने ।

सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको कम्पनीको जारी पुंजी बृद्धि गरी १५,००,००,०००।- पुऱ्याउन र शेयरधनी नरहेका 'क', 'ख' र 'ग' वर्गका नयाँ बैंक तथा वित्तीय संस्थाहरुलाई पुंजी बृद्धि बराबरको शेयर जारी गर्ने प्रस्ताव माथि छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

उक्त निर्णय बमोजिम साविकमा व्यवस्था रहेको ३० प्रतिशत सर्वसाधारणलाई छुट्टयाएको शेयर खारेज गरी निम्न समूहमा बर्गीकरण गरी शेयर स्वामित्व तथा संचालनकहरुको प्रतिनिधित्व देहाय बमोजिम गरिएको र कम्पनीको प्रबन्ध पत्र र नियमावलीमा आवश्यक फेर बदल गर्ने समेत निर्णय सर्व सहमतिबाट पारित गरियो ।

| समूह | शेयर धनी | शेयर स्वामित्व | संचालक प्रतिनिधि |
|---|---|---|---|
| क | नेपाल राष्ट्र बैंक | १० % | १ |
| ख | वणिज्य बैंकहरु | ५० % | ३ |
| ग | स्मार्ट च्वाइस टेक्नोलोजीज प्रा. लि. | १० % | १ |
| घ | विकास वैकहरु | १५ % | १ |
| ङ | वित्तिय कम्पनीहरु | १५ % | १ |
| च | व्यवसायिक स्वतन्त्र संचालक | - | १ |

उक्त प्रस्तावमा छलफल हुदा शेयरधनी महानुभावहरुले उठाउनुभएका प्रश्न, जिज्ञासा तथा सुझावहरुमा अध्यक्ष ज्यूले देहाय बमोजिम जवाफ दिनुभयो ।

१. पूजी बृद्धि बराबरको शेयर नयाँ शेयर धनीहरुलाई प्रिमियम मुल्यमा शेयर जारी किन नगरिएको ?

विद्यमान कम्पनी ऐनको परिच्छेद ४ दफा २९ बमोजिम शेयर मुल्यमा प्रिमियममा जारी गर्न कम्पनी लगातार तीन वर्षसम्म मुनाफामा सञ्चालन भई लाभांश वितरण गरेको र कम्पनीको सम्पूर्ण दायित्व भन्दा नेटवर्थ बढी भएको हुनु पर्ने व्यवस्था भएकोले ।

२. नयाँ शेयर धनीहरु एक आपसमा मर्ज भएको अवस्थामा समूहगत शेयर स्वामित्व प्रतिशतमा परिवर्तन हुन सक्ने वा नसक्ने ?

NEPAL CLEARING HOUSE

उक्त अवस्थामा प्रचलित कानून बमोजिम मर्ज पछिको कम्पनीमा शेयर स्वामित्व रहने र सोहि बमोजिम समूहगत शेयर स्वामित्व समेत परिवर्तन हुन सक्छ ।

(२) उपप्रस्ताव नं. (१) बमोजिम जारी गरिएको शेयर नयाँ बैंक तथा वित्तीय संस्थाहरुले खरिद नगरेमा प्रचलित कानुन बमोजिम अन्य शेयरधनीहरुले खरिद गर्न सक्ने बारे ।
सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको उपप्रस्ताव नं. (१) बमोजिम जारी गरिएको शेयर नयाँ बैंक तथा वित्तीय संस्थाहरुले खरिद नगरेमा प्रचलित कानुन बमोजिम अन्य शेयरधनीहरुले खरिद गर्ने प्रस्ताव माथि छलफल गरि सर्वसम्मतीबाट पारित गरियो ।
सोहि बमोजिम अन्य शेधरधनीहरुले खरीद गर्दा समूहगत शेयर स्वामित्वमा परिवर्तन आएमा नेपाल राष्ट्र बैंक लगायत अन्य आवश्यक निकायबाट स्वीकृति लिई समूहगत शेयर स्वामित्व परिवर्तन गर्ने निर्णय समेत पारित गरियो ।

उक्त प्रस्तावमा छलफल हुदा शेयरधनी महानुभावहरुले उठाउनु भएका प्रश्न, जिज्ञासा तथा सुझावहरुमा अध्यक्ष ज्यूले देहाय बमोजिम जवाफ दिनुभयो ।
१. प्रस्तावित नयाँ बैंक/ वित्तिय संस्थाहरुले जारी गरेको शेयर पूर्ण रुपमा खरीद नगरेमा अथवा अधिक खरिद गर्न चाहेमा के हुन्छ ?
जारी शेयर भन्दा अधिक निवेदन परेमा सोही अनुपातमा शेयर बाँडफाँड गरिने छ । शेयर पूँजी पूर्ण रुपमा खरीद हुन नआएमा बाँकी शेयर अन्य शेयरधनीहरुलाई पुनः जारी गरिने छ ।

(३) प्रबन्धपत्र तथा नियमावलीको संसोधन स्वीकृत गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिने ।
सभाका सभापतिज्यूले सभामा प्रस्तुत गर्नु भएको निम्न बमोजिमका प्रबन्धपत्र तथा नियमावलीको संसोधनहरु माथि छलफल गरि सर्वसम्मतीबाट पारित गर्ने निर्णय गरियो । साथै संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक फेरवदल गर्न कम्पनीको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने अख्तियारी दिईएको निर्णय समेत पारित गरियो ।

**प्रबन्धपत्र तर्फः**
**दफा ६ को उपदफा (ख)**: कम्पनीले तत्काल जारी गर्ने शेयर पुँजी रु.१५,००,००,०००/- (पन्ध्र करोड) पूँजीलाई प्रति शेयर रु. १००/- दरका १५,००,००० (पन्ध्र लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
**दफा ६ को खण्ड** (ग): कम्पनीका शेयर धनीहरुले तत्काल चुक्ता गर्न कबुल गरेको शेयर पूँजी रु.१५,००,००,०००/- (पन्ध्र करोड) हुनेछ ।
**दफा ६ को उपदफा** (घ): खारेज गरीएको छ ।
**दफा ६ को उपदफा** (ङ): कम्पनी संस्थापना हुंदा प्रबन्धपत्र तथा नियमावलीमा संस्थापकको हैसीयतले हस्ताक्षर गरी शेयर लिन कबुल गरेका शेयरधनीहरुलाई संस्थापक शेयरधनी भनेर बुझिनेछ । कम्पनीका शेयरधनीहरुलाई निम्न समूहमा बर्गीकरण गरिएको छ र शेयर स्वामित्व निम्न बमोजिम हुनेछ ।

| | |
|---|---|
| समूह 'क' - नेपाल राष्ट्र बैंक | - १०% (दश प्रतिशत) |
| समूह 'ख' - बाणीज्य बैंकहरु | - ५०% (पचास प्रतिशत) |
| समूह 'ग' - स्मार्ट च्वाईस टेक्नोलोजिज प्रा. लि. | - १० % (दश प्रतिशत) |
| समूह 'घ' - विकाश बैंकहरु | - १५ % (पन्ध्र प्रतिशत) |
| समूह 'ङ' - वित्तिय कम्पनी | - १५ % (पन्ध्र प्रतिशत) |

**दफा ६ को उपदफा** (च): जुन समूहको शेयर खरिद गरेको हो, सो खरिद गर्ने शेयरधनीलाई सोही समूहमा राखिने छ ।

NEPAL CLEARING HOUSE

**दफा ८ को उपदफा (ख):** नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती नलिई कुनै पनि समूहको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

**दफा ८ को उपदफा (ग):** यस कम्पनीका शेयरधनीहरु संगठित संस्थामात्र हुनेछ । कम्पनीले कारोवार संचालन गरेको पाँच बर्ष नपुगेसम्म शेयरधनीले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधि पछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिनु पर्नेछ । यस व्यबस्था बमोजिम कम्पनीले कारोवार संचालन गरेको पाँच बर्ष नपुगे तापनि कम्पनीको संचालनमा कुनै वाधा व्यबधान उत्पन्न भई बिशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृती लिई शेयरधनीहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

**दफा ८ को उपदफा (ङ):** खारेज गरिएको ।

**दफा ५ को उपदफा (च) खण्ड (१):** कम्पनीले आफ्नो उद्देश्यमा उल्लेखित कार्यको लागि आवश्यक कम्प्यूटर, सफ्टवयर, नेटवर्क, उपकरण, डिजिटल सर्टिफिकेट तथा विज्ञान प्रविधिका विकसित तथा आधुनिक कुनै पनि प्रविधि, बस्तु, सेवाहरुको उपयोग गर्न, सहायता लिन वा तत् सम्बन्धमा खरिद बिक्रि गर्न सक्नेछ ।

**नियमावली तर्फः**

**दफा २७ को उपनियम (२):** यस कम्पनीमा ८ जनाको संचालक समिति हुनेछ, । शेयरधनीहरुलाई ५(पांच) समूहमा वर्गियकरण गरिएको छ । उक्त समूहहरुवाट संचालकहरु निम्न बमोजिम नियुक्ती/प्रतिनिधित्व/मनोनयन वा निर्वाचित हुनेछन् :-

| | | | |
|---|---|---|---|
| समूह क | - | नेपाल राष्ट्र बैंकबाट | - १ जना |
| समूह ख | - | बाणीज्य बैंकहरुबाट | - ३ जना |
| समूह ग | - | स्मार्ट च्वाईस टेक्नोलोजिज प्रा.लि.बाट | - १ जना |
| समूह घ | - | बिकास बैंकहरुबाट | - १ जना |
| समूह ङ | - | वित्तीय सस्थाहरुबाट | - १ जना |
| व्यवसायिक स्वतन्त्र संचालक | | | - १ जना |

**दफा ३१:** संचालक नियुक्ति सम्बन्धि खास व्यवस्था गर्ने भए सो कुराः यस सम्बन्धमा हाल कुनै व्यवस्था गरिएको छैन ।

**८. धन्यवाद ज्ञापनः**

विविध शिर्षक अन्तर्गत छलफलको कुनै पनि विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनी महानुभावहरु, हालका तथा पूर्व सञ्चालकहरु, कर्मचारीहरु तथा अन्य पदाधिकारीहरु एवं यो साधारणसभा सफल गराउन सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै सभा विर्सजन भएको घोषणा गर्नु भयो ।

..............................
नीलेश मान सिहं प्रधान
कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत

..............................
अशोक राणा
सभाका सभापति एवं सञ्चालक समितिका अध्यक्ष

NEPAL CLEARING HOUSE